नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

# जिल्ला प्रशासन कार्यालय ललितपुरको सवारी पास सम्बन्धि अत्यन्त जरुरी सूचना

मिति २०७७/०१/०२

COVID-19 (कोरोना भाइरस) को महामारीबाट जोगिनका लागि नेपाल सरकारबाट लकडाउनको अवधि थप भएको सन्दर्भमा यस कार्यालयबाट सवारी साधनको पासको लागि देहाय बमोजिम व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) यस अघि विभिन्न मितिमा जारी गरिएका पहेंलो रंग तथा सि.नं. कायम भएका नेपाल सरकारले जारी गरेको अत्यावश्यक सेवा सञ्चालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमति पत्र सम्बन्धि कार्यविधि, २०७६ अनुसार ७ (सात) दिनका लागि दिइएको सवारी पासहरुको अवधि मिति अन्यथा लेखिएको भएतापनि त्यसलाई सरकारद्धारा जारी लकडाउन अवधिभरका लागि मान्यता प्रदान गरिएकोले त्यस्ता पास प्रयोग कर्ताहरुले पुनः सवारी पास लिइरहनु नपर्ने ।

(२) अत्यावश्यक कार्यका लागि नेपाल सरकारले जारी गरेको अत्यावश्यक सेवा सञ्चालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमति पत्र सम्बन्धि कार्यविधि, २०७६ बमोजिम सवारी पास लिनुपर्ने सवारी साधन प्रयोगकर्ताहरुले तपसिल वमोजिम अनलाइन मार्फत E-Pass को व्यवस्था भएकोले सोही वमोजिम आवेदन दिनुपर्नेछ ।

(क) मोवाईलको मेसेज बक्समा गई ११११२ मा जुनसुकै कोड हानी एस.एम.एस. गर्ने ।

(ख) एस.एम.एस. गरिसकेपछि ईनबक्समा https://epass.moha.gov.np लिंक आउनेछ । उक्त लिंक खोली पासको लागि आवश्यक अनुरोधकर्ताको विवरण,परिचयपत्र, सवारी साधनको विवरण साथै सहयोगी कागजात जस्तै अस्पतालको कागजात कार्यालयको सिफारिस मुत्युखुल्ने कागजात वा तस्वीर अपलोड गरी पेश गर्ने ।

(ग) अनलाईन फारम पेश भईसकेपछि जिल्ला प्रशासन कार्यालयले पास वितरण मापदण्डको आधारमा पास दिने नदिने निर्णय गर्नेछ । त्यसको जानकारी म्यासेज मार्फत तपाईको मोबाईलको ईनबक्समा आउनेछ ।

(घ) अनलाईन फारम स्वीकृत भएमा तपाईको मोबाइलमा कोड नं. प्राप्त हुनेछ । उक्त कोड नै सवारी अनुमति पास हुनेछ ।

(३) नेपाल सरकारले जारी गरेको अत्यावश्यक सेवा सञ्चालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमति पत्र सम्बन्धि कार्यविधि, २०७६ मा भएको व्यवस्था वमोजिम मात्र सवारी पास वितरण हुने हुनाले त्यसमा भएको व्यवस्थालाई ध्यानमा राखेर मात्र Online E-Pass को लागि आवेदन गर्न सकिनेछ ।

(४) जिल्ला प्रशासन कार्यालयबाट जारी सवारी पास आवेदनमा उल्लेखित उद्धेश्य बमोजिम प्रयोग भए नभएको बिषयमा निरन्तर अनुगमन हुने गरेकोले त्यसरी गलत प्रयोग वा झुठ्ठा विवरण देखाएर सवारी पास दुरुपयोग भएको पाइएमा कानून बमोजिम कडा कारवाही हुने हुँदा अत्यावश्यक काममा वाहेक सवारी पासको प्रयोग नगर्नु नगराउनु हुन सरोकारवाला सबैलाई सूचित गरिन्छ ।

(५) लकडाउनको प्रभावकारी कार्यान्वयनका लागि सुरक्षा निकायहरुलाई निर्देशन भैसकेको सन्दर्भमा अत्यावश्यक कार्यका लागि सवारी पास प्रयोग कर्ताले सवारी साधन पासमा उल्लेखित कारणको पुष्ट्याईका कागजात साथै बोकेर हिडि सुरक्षाकर्मिहरुलाई सहयोग गर्नुहुन समेत अनुरोध गरिन्छ ।

२०७७/०१/०२

खिमराज भुसाल
(सहायक प्रमुख जिल्ला अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी